२०७९ पुस ०५ गते तदनुसार December 20, 2022 मंगलबारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. सूचना अधिकारीको जिम्मेवारी सम्बन्धमा ।
२. बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि,२०७९ पारित सम्बन्धमा ।
३. अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ प्रथम संशोधन सम्बन्धमा ।
४. शिक्षा शाखाको जिम्मेवारी सम्बन्धमा ।
५. मनकामना मा.वि. को नाममा जग्गा रजिष्ट्रेसन पास गर्ने प्रयोजनको लागि सिफारिस सम्बन्धमा ।
६. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयसँग सहुलियतपूर्ण कर्जा सम्बन्धी कार्य सम्बन्धमा ।
७. ज्यालादारी कामदार सम्बन्धमा ।
८. उमेरहद नाघेका करारमा कार्यरत कार्यालय सहयोगीहरुको म्याद थप नगर्ने सम्बन्धमा ।
९. गाउँपालिकाको गाडी मर्मत सम्बन्धमा ।
१०. सामुदायिक विद्यालयहरुको लेखापरीक्षण गर्ने सम्बन्धमा ।
११. "घ" वर्गको निर्माण व्यवसायी ईजाजत-पत्र प्रदान सम्बन्धमा ।
१२. आर्थिक सहयोग सम्बन्धमा ।
१३. सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैंक तथा सहकारीबीच समन्वय सम्बन्धमा ।
१४. गाउँसभाको हिँउदे अधिवेशन सम्बन्धमा ।

प्रमाणित गरिएको छ।

२०७९/९/५

प्रमाणित गरिएको छ।
२०७९।९।५

## २०७९ साल पुस ०५ गते मंगलबारको बैठकका निर्णयहरु:

**निर्णय नं.१:** यस मानेभन्ज्याङ गाउँपालिकाको **सूचना अधिकारीको** जिम्मेवारी यसै गाउँपालिकामा कार्यरत रहनुभएका लेखापाल दुर्गाराज चौलागाईलाई दिइएकोमा हाल उहाँ अन्तै कार्यालयमा सरुवा भइ जानु भएको हुँदा यस कार्यालयको **सूचना अधिकारीको जिम्मेवारी सूचना प्रविधि अधिकृत श्री विपिन कार्की**लाई दिने निर्णय गरियो ।

**निर्णय नं.२.** मानेभन्ज्याङ गाउँपालिकामा बालबालिकाको हक,हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्वर्धनका लागि नेपालकको संविधान तथा कानुनमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न तथा बालबालिकाको बचावट, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताका साथै बालमैत्री शासनको प्रवर्धन गर्नको लागि स्थानीय शासन सञ्चालन ऐन,२०७५ को दफा ११(७) तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी आजको कार्यपालिका बैठकबाट छलफल गरी **"मानेभन्ज्याङ गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्यविधि,२०७९"** स्वीकृत/पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३. अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण सम्बन्धी कार्यविधि, २०७५** लगू भइ हालसम्म सोही कार्यविधि अनुसार नै अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय-पत्र वितरण गर्दै आइरहेकोमा हाल केही बुँदाहरु संशोधन गर्न बाञ्छनीय भएको हुँदा आजको कार्यपालिका बैठकबाट बृहत रुपमा छलफल गरी सो कार्यविधि प्रथम पटक संशोधन गरी उक्त संशोधित कार्यविधि कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत गरियो ।

**निर्णय नं.४:** यस गाउँपालिकाको शिक्षा शाखामा हाल कुनैपनि कर्मचारी नभएको हुँदा शिक्षासँग सम्बन्धित कामकाज तथा सेवा प्रवाहमा समस्या देखिएकोले हाललाई शिक्षासँग सम्बन्धित कागजपत्र संकलन तथा समन्वयको लागि **राजगार सहायक शम्भु गौतमलाई** जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.५.** श्री मनकामना मा.वि. वाक्साको मिति २०७९/८/२९ को चलानी नम्बर ३१ को पत्रानुसार यस गाउँपालिका वडा नं.२, वाक्सा बस्ने श्री रत्न बहादुर कार्कीको छोरा वर्ष ६१ को श्री मेख बहादुर कार्कीले ओखलढुङ्गा जिल्ला साविक वाक्सा गा.वि.स. वडा नं. ९ मा रहेको कि.नं.१२५७ को पा.चा. क्षेत्रफल ११-०-१-१ को जग्गा विद्यालयलाई प्रदान गर्न इच्छुक रहेकोले उक्त जग्गा विद्यालयको नाममा राजिष्ट्रेशन पास गर्नको लागि सिफारिस गरिदिनुहुन भनी माग भइ आएको हुँदा आजको कार्यपालिका बैठकबाट सिफारिस गरिदिने निर्णय गरियो ।

**निर्णय नं.६.** मानेभन्ज्याङ गाउँपालिका, ओखलढुङ्गा र राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालयबीच सहुलियपुर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (संशोधन सहित) बमोजिम युवा लक्षित गरी युवालाई नेपालभित्रै व्यवसाय गर्न र कृषि पशु, पर्यटन, जडिबुटी, खनिज, जलस्रोत तथा विज्ञान प्रविधि क्षेत्रमा उद्यम परियोजना गर्न सहुलितपूर्ण कर्जा सम्बन्धी सहकार्य गर्ने र यस सम्बन्धी द्विपक्षीय सम्झौता गर्न यस मानेभन्ज्याङ गाउँपालिकाका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूलाई अख्तियारी दिने निर्णय सर्व सम्मत गरियो ।

**निर्णय नं.७.** यस गाउँपालिकाको कार्यालय सहयोगी ममकर्ण बस्नेत सरुवा भइ सिद्धिचरण नगरपालिका जानुभएको र सो पद रिक्त रहेको साथै कार्यालयको कामकाज तथा दैनिक सेवा प्रवाहमा समेत बाधा परेको, कार्यालय सरसफाई समेत नभएकोले दैनिक ज्यालादारीमा २ (दुई) जना कामदार लगाउने निर्णय गरियो । ज्यालादारीमा राखिने कामदारको सेवा सुबिधा तथा शर्तहरु तपसिल अनुसार रहने ।

**तपसिल:**

- ✓ दैनिक ज्यालादर रु.७००/- हुने । कार्यालयमा हाजिर भएर काम गरेको दिन बाहेक अन्य दिनको पारिश्रमिक नपाउने ।
- ✓ अन्य सेवा सुबिधा जस्तै पोशाक भत्ता, चाडपर्व खर्च वा अन्य सेवा सुबिधा केही पनि नहुने ।

**निर्णय नं.८.** यस गाउँपालिकाको तपसिल वडाहरुमा करार सेवा मार्फत कार्यरत कार्यालय सहयोगीहरुको उमेर निजामति सेवा ऐन, तथा नियमावलीले तोकेको उमेर हदभन्दा बढी भएको र कार्यसम्पादनमा समेत असर परेको हुँदा माघ १ गतेदेखि लागू हुने गरी करार सेवा थप नगर्ने निर्णय गरियो । साथै रिक्त रहेको पदमा विज्ञापन गरी करार सेवा मार्फत कामकाज गर्ने निर्णय गरियो ।

**तपसिल:**

प्रमाणित गरिएको छ
२०७९/९/१४

**क.** वडा नं. ४ मा कार्यरत श्री कर्णबहादुर तामाङ ।

**ख.** वडा नं.३ मा कार्यरत श्री बद्री कुमार राई ।

**निर्णय नं.९.** यस गाउँपालिकाले प्रयोग गरिरहेको गाडी नं. प्रदेश नं.३ ०१ ००झ ४७३८ को टाटा कम्पनिको डिकोर गाडीको मर्मत गर्न बजेट व्यवस्थापन नभएको साथै ठूलो बजेट लाग्ने हुँदा आगामी गाउँसभाको हिउँदे अधिवेशनबाट बजेट विनियोजन गरी मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०.** यस गाउँपालिकाको सामुदायिक विद्यालयहरुको आ.व.२०७८/७९ सम्मको अन्तिम लेखापरीक्षण कार्य गर्नको लागि नेपाल चार्टर एकाउण्टेन्ट्स संस्थामा दर्ता भएका इच्छुक लेखा परीक्षक व्यवसायीहरुबाट गराउनको लागि सूचना प्रकाशित गरी निवेदन माग गर्ने निर्णय गरियो साथै प्राप्त भएको निवेदन उपर आगामी कार्यपालिकामा निर्णय गरी जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.११.** यस गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी बनेको कार्यविधिको अनुसूची- ५ बमोजिम योग्यता पुगेको निर्माण व्यवसायीको हकमा इजाजत पत्र दिन मिल्ने व्यवस्था रहेको र यस गाउँपालिकामा **विकोन्स्ट्रोफा सक्सेस बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.**ले इजाजत पत्र पाउँ भनि आवश्यक कागजात सहित पेश भएको निवेदन उपर प्राविधिक शाखाबाट कार्यबाही भएर कार्यपालिका उपर टिप्पणी पेश हुन आएको साथै सो टिप्पणी तथा आवश्यक कागजातको अध्ययन गरी आजको कार्यपालिका बैठकबाट इजाजत पत्र दिने निर्णय गरियो ।

**निर्णय नं.१२.** यस गाउँपालिकाका कम्प्युटर अप्रेटर पाँचौं तहका कर्मचारी श्री सकुधन राई मिति २०७९/६/९ मा कार्यालय कामकाजको सिलसिलामा जिल्ला सदरमुकाम ओखलढुङ्गा जाँदा बालेथुम्कामा मोटरसाइकल दुर्घटनामा परी दुबै नाडीमा गम्भिर क्षति पुगेको र त्यसको उपचार गर्न ओखलढुङ्गा सामुदायिक अस्पतालमा खर्चको भार अधिक परेकोले यस कार्यालयबाट रु.१५०००/- (अक्षरेपी पन्द्र हजार) मात्र विविध खर्च शीर्षकबाट आर्थिक सहायता गर्ने, त्यस्तै मिति २०७९/६/२६ गते मानेभन्ज्याङ गाउँपालिका वडा नं. ३ स्थायी बासी धनकुमार राईको घरमा आगलागी भइ धनमालको क्षति भएकोले निजलाई रु.२०,०००/- (अक्षरेपी बीस हजार) मात्र र यसै पालिकाको वडा नं.९ मा रहेको जागरुक युवा मगर समाजलाई तिहारको उपलक्ष्यमा आयोजना गरेको विभिन्न खेलकुद कायक्रम बापत रु.१०,०००/- ( अक्षरेपी दश हजार) अन्य सामाजिक सहायता बजेट शीर्षकबाट आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३.** यस गाउँपालिकाबाट वितरण हुने सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण भैरहेको तर वितरणमा कठीनाइ भएको हुँदा राष्ट्रिय वाणिज्य बैंक र स्थानीय सहकारीहरु मार्फत स्थानीय जनप्रतिनिधिको रोहबरमा आवश्यक प्रक्रिया पुरा गरि यही त्रैमासिकबाट वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४.** यस गाउँपालिकाको गाउँसभाको हिउँदे अधिवेशन यही मिति २०७९ साल पुस २९ गते शुक्रबारदेखि बस्ने निर्णय गरियो ।

प्रमाणित गरिएको छ।

२०७९।९।८